# नेपाल स्टक एक्सचेन्ज लिमिटेड

## सिंहदरबार प्लाजा, काठमाण्डौं ।

### मिति २०६५/६/२६ गते शुक्रवार देखि २०६५/६/३० गते विहिवार सम्मको कारोबार

यस साता नेपाल स्टक एक्सचेन्जमा ६८ कम्पनीहरुको कारोबार भएको छ । जस अनुसार २०५६ कारोवारबाट ३६ करोड १५ लाख १ हजार रुपैयाँ बराबरका ६ लाख १९ हजार ३ सय ९३ कित्ता शेयरहरु खरीदविक्री भएका छन । कारोबार रकममा गत साताको तुलनामा ८.३१ प्रतिशतले ह्रास भएको हो । गत साता १८६० शेयर कारोवारबाट ५४ करोड ९२ लाख ७९ हजार रुपैयाँ बराबरका ६ लाख १७ हजार ८ सय ६१ कित्ता शेयरहरु खरीदविक्री भएका थिए ।

कुल कारोवारमध्ये 'क' बर्गका कम्पनीहरुको मात्र २२ करोड १० लाख रुपैयाँ बराबरको कारोवार भएको छ । यो कुल कारोबारको ६१.१५ प्रतिशत हो ।

साताको नेप्से परिसूचक पहिलो दिनको तुलनामा ३५.५९ अंकले ह्रास भई अन्तिम दिन ९३३.९७ विन्दुमा पुगेको छ ।

यसैगरी समूहगत परिसूचकहरुको उतारचढाव यस प्रकार रहेको छ ।

तालिका : १ साताका सूचकाङ्कहरु

| समूह / दिन | वाणिज्य वैंक | उत्पादन मूलक | होटल | अन्य | जलविद्युत | व्यापार | बीमा | वित्त | विकास वैंक | नेप्से इन्डेक्स | सेन्सेटिभ इन्डेक्स | फ्लोट इन्डेक्स |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पहिलो | १०१७.६१ | ४४१.९२ | ३५५.८२ | ८८१.१२ | ११४५.२३ | २१४.४६ | ८१९.०६ | १२३९.५९ | १४३४.३५ | ९६९.५६ | २६३.३६ | ९४.६९ |
| दोस्रो | १००८.९४ | ४३७.३१ | ३५६.९८ | ८५१.७५ | ११४१.८७ | २१४.४६ | ८२१.५६ | १२३४.६७ | १४३२.८० | ९५७.३३ | २६१.३६ | ९४.०२ |
| तेस्रो | ९९२.३७ | ४३७.३१ | ३५९.२९ | ८१७.६९ | ११४०.०६ | २१४.४६ | ८२१.५७ | १२०९.९३ | १४२४.०६ | ९३८.३१ | ३५७.५५ | ९२.७६ |
| चौथो | ९८६.४५ | ४३७.३१ | ३५९.२९ | ८११.८१ | ११३९.७० | २१४.४६ | ८२२.४८ | १२११.८१ | १४२३.१७ | ९३३.९७ | २५६.०१ | ९२.५१ |
| परिवर्तन | –३१.१६ | –४.६१ | ३.४७ | –६९.३१ | –५.५३ | ०.०० | ३.४२ | –२७.७८ | –११.१८ | –३५.५९ | –७.३५ | –२.१८ |

'क' वर्गका कम्पनीहरुको कारोवार मापन गर्ने सेन्सेटिभ इन्डेक्स पहिलो दिनको तुलनामा ७.३५ अंकले ह्रास भई २५६.०१ अंकमा आईपुगेको छ ।

यस साता कारोबार रकम (५ करोड ८४ लाख रुपैयाँ) तथा शेयर संख्या (२ लाख २२ हजार कित्ता) को आधारमा नेपाल डेभलपमेण्ट वैंक र कारोवार संख्या (२५२) को आधारमा किष्ट मर्चेण्ट वैंकिगं एण्ड फाइनान्स लि. अग्रस्थानमा रहेको छ ।

तालिका : २, कारोवार रकमका आधारमा साताका उत्कृष्ठ ५ कम्पनीहरु :

| क्रम संख्या | कम्पनीको नाम | कारोवार रकम (रु. दशलाखमा) |
|---|---|---|
| १ | नेपाल डेभलपमेण्ट वैंक | ५८.४८ |
| २ | किष्ट मर्चेन्ट वैंकिंग एण्ड फाइनान्स | ४४.०० |
| ३ | लक्ष्मी वैंक | ३७.७१ |
| ४ | नेशनल हाइड्रो पावर कम्पनी | २८.७३ |
| ५ | मच्छापुच्छ्रे वैंक | २५.७९ |

यस साता नेपाल स्टक एक्सचेन्जको कारोबार कक्ष नियमित कारोबारका लागि ४ दिन खुला रह्यो । यस साता पनि ऋणपत्र तर्फ संस्थागत तथा सरकारी ऋणपत्रहरुको कुनै पनि कारोवार भएन ।